


PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

आपसमा भाइचारा कायम राखौं, यस महामारीबाट बच्न सरकार र समुदाय मिलेर अघि बढौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७८ असार ०५ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 19 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २९१

## निषेधाज्ञाले निर्माण ठप्प, ईँटा उद्योग प्रभावित

प्रस, परवानीपुर, ४ असार/


इट्टा उत्पादन व्यवसाय यस वर्ष घाटाको रोजगार बनेको व्यवसायीहरूले बताएका छन्। कोरोनो महामारीको कारण गत वर्षदेखि ईंटा उत्पादन व्यवसाय घाटाको रोजगार बनेको बारा–पर्सा ईंटा व्यवसायी सङ्घका अध्यक्ष असर्फीप्रसाद जैसवालले बताएका छन्। उनका अनुसार निषेधाज्ञाको कारण निर्माण योजना प्रभावित बनेर ईंटाको बिक्री घटेको छ।

अहिले रु १० हजार प्रतिहजारको दरमा ईंटा बिक्री भइरहेको उनले बताए। यही ईंटा गत वर्ष रु १२ हजारमा बिक्री भएको उनले बताए। "कोरोनाको कारण जारी निषेधाज्ञाले भारतीय मजदूर पाउन समस्या भएको र उनीहरूलाई अहिले ल्याएर काममा लगाउने अवस्था पनि नभएको तथा कोइलाको भाउ आकाशिएकोले व्यवसाय प्रभावित भएको उनले बताए। कोरोनाको कारण निर्माण कार्य प्रभावित भएकोले बजारको आर्थिक अवस्था कमजोर हुन गई ईंटाको खपत ठप्प भएको उनले बताए।

यो समस्याबीच अहिले मौसमले ईंटा व्यवसायलाई धक्का पुऱ्याएको अध्यक्ष जैसवालले बताए। अहिले ईंटा पकाउने बेला जेठ महीनादेखि नै लगातार पानी पर्दा उद्योग चौपट भएको जैसवालको भनाइ छ। पर्सा–बारामा २५० भन्दा बढी ईंटा उद्योग छन्। प्रायः सबै ईंटा उद्योगको अवस्था अहिले दयनीय भएको उनले बताए।

नेपाली ईंटा उद्योगमा अधिकांश भारतीय कामदार काम गर्छन्। उनीहरूको खर्च वर्षैपिच्छे बढ्दो छ। यसैगरी ईंटा उद्योगको लागि चाहिने पथेरा,पकिया (आग मिस्त्री), झोकाइ, बोझाइ, पकिया निकासीलगायत वर्गका जनशक्ति नेपालमा नपाइने र भारतबाट मगाउँदा उनीहरूलाई महँगो मजदूरी दिनुपर्ने उनले बताए। ईंटा उद्योगीहरूले उद्योग चलाउन भारतीय मजदूरलाई सिजन शुरू हुनुभन्दा पहिले तीनपटक पेश्कीस्वरूप लाखौं रुपियाँ दिने गरेको र उनीहरूको ऋणको ब्याजसमेत बुझाउँदै आएको बताए। यसो नगर्दा मजदूरको समस्याले उद्योग थप समस्याग्रस्त हुने उनको भनाइ छ।

व्यवसायीले चालू आवमा २४ हजार प्रतिटन कोइला खरीद गरेका छन्। जबकि गत वर्ष कोइला २० हजार प्रतिटन थियो।



भरतगंजसिंगौलस्थित चुरेफेद आसपासको खेतीयोग्य जमिन ईँटाभट्टा। तस्वीरः फाइल/प्रतीक

## पर्सामा ५२ जना सक्रिय सङ्क्रमित

प्रस, वीरगंज, ४ असार/

वीरगंजका अस्पतालहरूमा सक्रिय सङ्क्रमितहरूको सङ्ख्या घट्दो छ।



हाल अस्पतालमा ३१ जना मात्र सक्रिय सङ्क्रमित रहेको जिल्ला प्रशासन कार्यालय, पर्साले जनाएको छ।

कुल ५२ जना सक्रिय सङ्क्रमित पर्सा जिल्लामा रहेकोमा २१ जना होम आइसोलेशनमा र ३१ जना अस्पतालमा उपचारार्थ भर्ना रहेको जिल्ला प्रशासन कार्यालय, पर्साका प्रशासकीय अधिकृत दिनेशकुमार श्रीवास्तवले बताए।

उनले दोस्रो सङ्क्रमणमा पर्सा र बाहिर जिल्लागरी कुल ३२७ जनाको मृत्यु भइसकेको र जेठको अन्तिम सातादेखि वीरगंजमा मृत्यु दर घटेको बताएका छन्।

जेठ २५ गते वीरगंजको अस्पतालमा तीनजनाको मृत्यु भएको थियो त्यस उपरान्त यता एकजनाभन्दा बढीको मृत्यु दर देखिएको छैन।

पछिल्लोपटक असार ३ गते एकजना सङ्क्रमितको मृत्यु भएको छ। असारको चार दिनमा एकजना सङ्क्रमितको मृत्यु भएको छ।

यसैगरी नारायणी अस्पतालको पिसिआर प्रयोगशालामा सङ्क्रमित सङ्ख्या घटेको छ। अस्पतालका कोभिड संयोजक डा. उदयनारायण सिंहले असार महीनामा सङ्क्रमित सङ्ख्या ७ प्रतिशत मात्र देखिएको बताए।

उनले असार महीनाको ३ गतेसम्म तीन दिनको रिपोर्टमा १८३ वटा स्वाब परीक्षण गर्दा १४ जना सङ्क्रमित थपिएको बताए। थपिएका सङ्क्रमितमा पर्साका पाँचजना मात्र छन्।

दोस्रो लहरको कोरोना सङ्क्रमणमा पर्सा जिल्लामा जेठ ३० गतेसम्म ३३८२ जना सङ्क्रमित पुष्टि भएका थिए।

यस अघि पहिलो लहरको कोरोना सङ्क्रमणमा ३१८४ जना सङ्क्रमित थिए भने ५६ जनाको मृत्यु भएको थियो।

वीरगंजका अस्पतालहरूमा ५० जना भन्दा कम सङ्क्रमित भए जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा हटाउन सक्ने प्रावधान छ। यसैगरी सक्रिय सङ्क्रमित सङ्ख्या पाँच सयमुनी देखिएको खण्डमा पनि निषेधाज्ञा हट्न सक्ने प्रावधान रहेको छ। यथा अवस्थामा असार ६ गते राति १२ सम्म जारी निषेधाज्ञा नलम्बिने सङ्केत देखिएको छ।

## रतनपुर गाँजाकाण्डको छानबीन गर्न कमिटी गठन

प्रस, निजगढ, ३ असार/

अस्थायी प्रहरी चौकी निजगढले ६० किलो गाँजा बरामद गरेको घटनामा दुईजना अभियुक्तलाई पक्राउ गरी छाडेको समाचार प्रकाशमा आएपछि जिल्ला प्रहरी कार्यालय, बाराले सोसम्बन्धी छानबीनका लागि कमिटी गठन गरेको छ।



असार १ गते गाँजा बरामद भएको निजगढ नपा–११ बुङ्गजोर वनक्षेत्र। तस्वीरः प्रतीक

जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता प्रनाउ गौतम मिश्रले प्रहरी निरीक्षकको संयोजकत्वमा ६ सदस्यीय छानबीन कमिटी गठन भएको र समितिले अध्ययन पूरा गरी प्रतिवेदन बुझाउने र सोको आधारमा दोषी देखिने प्रहरीलाई कारबाई गरिने बताए।

यही असार १ गते रतनपुरबाट निजगढतर्फ आउँदै गरेको टेम्पोबाट ६० किलो गाँजा बरामद भएको थियो।

टेम्पोको स्कटिङ गरिरहेका निजगढ नपा–१२ का ३२ वर्षीय दिनेश भन्ने इन्द्रबहादुर भूलन र ३५ वर्षीय सोमबहादुर थिङलाई प्रहरी चौकी रतनपुरका प्रसनि शम्भु महतोको टोलीले पक्राउ गरेको थियो। उनीहरूसँग सात लाख माग गरेको र पक्राउ परेकामध्ये भुलनले अढाई लाख दिने आश्वासन दिएपछि उनीहरूलाई आधा घण्टापछि नै छाडिएको थियो।

घटनाको तीन दिनपछि पक्राउ परेका दुई अभियुक्तमध्ये थिङले प्रहरीले सात लाख माग गरेको र अढाई लाखको बार्गेनिङमा आफूहरूलाई छाडेको सार्वजनिक गरेका थिए। उनले आफूसँगै पक्राउ परेका भुलनले प्रहरीबाट छुटेपछि प्रहरीका लागि अढाई लाख रुपियाँ माग गरेको सार्वजनिक गरेका थिए।

यो घटना समाचारहरूमा आएपछि बारा प्रहरीले छानबीन कमिटी गठन गरेको हो। घटनामा प्रहरीले टेम्पोबाट ६० किलो गाँजा बरामद गरेको र सोका चालक र त्यसमा सवार व्यक्ति फरार भएको तथा बेवारिसे अवस्थामा मोटरसाइकल बरामद गरेको जनाएको थियो। जबकि घटनाका अभियुक्त थिङले मोटरसाइकलमा आफू र भुलन रहेको बताएका छन्।

अस्याथी प्रहरी चौकी रतनपुरले इलाका प्रहरी कार्यालयमा टेम्पो, गाँजा र मोटरसाइकलमात्र बुझाएको छ।

## सञ्चारकर्मीलाई आयुर्वेदिक औषधि वितरण

प्रस, वीरगंज, ४ असार/

नेपाल पत्रकार महासङ्घ, पर्साको संयोजनमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पर्साले स्थानीय सञ्चारकर्मीहरूलाई कोरोना सङ्क्रमणबाट जोगाउने आयुर्वेदिक औषधि वितरण गरेको छ।

महासङ्घका जिल्ला अध्यक्ष अनुप तिवारी र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र पर्साका प्रमुख डा रमेश मिश्रले ८० जना सञ्चारकर्मीलाई आयुर्वेदिक औषधि हस्तान्तरण गरेका थिए।

सो अवसरमा शाखाका उपाध्यक्ष सुषमा शर्मा, सचिव भूषण यादवलगायत सञ्चारकर्मीहरूको सहभागिता थियो।




तस्वीरः प्रतीक

## विश्वकर्मा समुदायको पेशा सङ्कटमा

प्रस, सेढवा, ४ असार/

कृषि उपकरणमा आधुनिक यन्त्रीकरण बढेसँगै विश्वकर्मा समुदायको पेशा सङ्कटमा परेको छ।

यस समुदायको लोहसारी (फलामको औजार उत्पादन तथा मरम्मत गर्ने स्थान) सङ्कटमा परेको जीराभवानी गाउँपालिका–३ नौकाटोलाका प्रेम विश्वकर्मा बताउँछन्। कृषि प्रयोजनमा अहिले टचाक्टरको प्रयोग बढेको, फाली तथा रोटाभेटरबाट खेतको जोताइ, धान, गहुँबाली भित्र्याउने हार्भेस्टर मेशीनको प्रयोग बढेपछि पेशा सङ्कटमा परेको उनले बताए। पुर्ख्यौली पेशा छाड्न पनि नसकिने र अहिले सो पेशाबाट छाक टार्न पनि समस्या भइरहेको विश्वकर्माले बताए। उनले यो पेशाबाट वार्षिक प्रतिपरिवार एक मन धान पाउने र त्यसबाट परिवारको गुजारा नहुने भएपछि अहिले अन्य पेशा गर्न थालेको बताए।

पहिले गाउँमा टोलपिच्छे एउटा लोहसारी हुने गर्दथ्यो। अहिले गाउँमा लोहसारी पाउन छाडेको छ। जगरनाथपुर गापाका अनन्त ठाकुरले पुर्ख्यौली पेशा जेनतेन जोगाउँदै आएको बताए। उनले पेशा जोगाए पनि पेशाबाट गुजारा भने नभएको बताए। महँगी बर्सेनि बढ्दै गएको तर पेशाबाट आम्दानी घट्दै गएकोले छाक टार्न समस्या भएको ठाकुरको भनाइ छ। फलाम पिट्नेजस्तो मेहनतको काम गर्दा पनि अहिले आम्दानी हुन छाडेको उनले बताए।

पत्थर कोइला र काठको कोइलाबाट फलामे उपकरण बनाउने र त्यसो गर्दा महँगो हुने गरेको तर मजदूरी सन्तोषजनक नपाइने गरेको उनको गुनासो छ। उनले आफूपछिका पुस्ता अन्य पेशामा आकर्षित भएको बताए।



लोहसारीमा फलामको उपकरण बनाउँदै विश्वकर्मा। तस्वीरः प्रतीक

## विचारसार र सूक्तिहरू

**पहिले तीनवटा मात्र रोग थियो– इच्छा, भोक र शरीरको क्षय तर भोजनको लागि पशुको वध हुन थालेपछि मनुष्य समाजमा सयौं रोगले आक्रमण गरेको छ।**

**– महात्मा बुद्ध**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## राजनीतिमा भाईरस

**कम्प्युटरमा भाइरस लागे हयाङ्ग हुन्छ, प्राणीलाई भाइरस लागे थला पर्छ। समयमा एन्टि–भाइरस प्रयोग गर्ने बुद्धि पुऱ्याएन भने भाइसरले एकछत्र राज गर्दै सबै प्रणालीलाई मृत तुल्याइदिन्छ। हाम्रो मुलुकको राजनीतिलाई केही समयदेखि भाइरसले अचाक्ली गाँजेको छ। नेकपाबाट शुरू भएको राजनीति भाइरसले नेकपालाई सिध्याएर एमाले र माओवादी केन्द्रसम्म पुग्यो। माओवादी र एमालेमा पनि निरन्तरता पाएको भाइरसले माओवादीलाई चोइट्यायो र प्यारालाइसिस गरायो भने एमाले अहिले कोमामा छ। समयमा राम्रो एन्टि–भाइरस प्रयोग नगरे त्यो पार्टी नाम र फोटो मात्रमा सीमित रहने निश्चित छ। भाइरसले भेट्टाएसम्म सङ्क्रमण हुनबाट कुनै दललाई बाँकी राखेको छैन। सोही भाइरसले जनता समाजवादी पार्टीलाई पनि दुई चिरा बनाएको छ। जनमोर्चालाई बिरामी पाऱ्यो र प्रदेशसभामा शल्यक्रिया नै गर्नुपऱ्यो। त्यसैगरी नेपाली काङ्ग्रेसलाई दुई फ्याँक पार्ने लागेको थियो। अहिले नेकामा महाधिवेशन नामको एन्टि–भाइरस प्रयोग भइरहेको छ। भोलि महाधिवेशन पछिको अवस्था भन्न सकिन्न। राप्रपा र नेपाल मजदूर किसान पार्टी टाढै रहेकाले सङ्क्रमणबाट जोगिएका छन्।**

**नेकपाले सृजना गरेको राजनीतिक भाइरसले गर्दा मुलुकको राजनीनैतिक प्रणाली पूरै हयाङ्ग छ। गतिरोध नै गतिरोध र गिजोलिएको कारण राजनीतिक दलहरू थला परेका छन्। दलीय व्यवस्था रहेको कुनै पनि मुलुकमा दलहरू थला परे वा विकृति आयो भने त्यसले प्रत्यक्षरूपमा राष्ट्रको अग्रगति तथा प्रगतिमा गतिरोध खडा हुन्छ। मुलुक सञ्चालन एवं लोकतान्त्रिक प्रणालीको रक्षा र नीति निर्माणको तहमा महत्त्वपूर्ण भूमिका नरहेका प्रभावहीन कुनै दल भित्रको विकृतिले त्यति असर नपर्ला तर निर्णायक भूमिकामा रहेका महत्त्वपूर्ण दलमा आएको विकृतिले भने राष्ट्रिय राजनीतिमा गम्भीर असर पुग्छ। वर्तमान अवस्थामा हाम्रो मुलुकका ठूला महत्त्वपूर्ण सबै राजनीतिक दल एउटै किसिमको रोगबाट ग्रस्त छन्। समस्या जटिल बन्दैछ। त्यसको समाधानका लागि निकास पहिल्याउने पक्षमा भने कोही देखिएको छैन।**

**रोग जहाँबाट शुरू भएको छ, उपचार त्यहींबाट शुरू गर्नु राम्रो हो। मुटु रोगको कारण घुँडा दुखेको छ भने पहिले मुटुकै उपचार गर्नुपर्छ। मुलुकमा वर्तमान कुर्सीको झगडा तत्कालीन नेकपाबाट शुरू भएको थियो। ओली, माधव र प्रचण्ड यसका मुख्य पात्र हुन्। त्यही कुर्सीको रोग सङ्क्रमण हुँदै आज अरू दलहरूमा पनि पुगेको हो। हुनत हाम्रो मुलुकको राजनीतिक दलका नेताहरू जहिले पनि कुर्सीका भोका छन्। तर जतिसुकै भोका भए पनि त्यो भोग देखाउने र भोक मेटाउनका लागि जेसुकै पनि गर्ने पछिल्लो चरणको शुरूआत माधव, प्रचण्ड र ओलीबाटै भएको हो। यदि यिनीहरूमा सुधार हुने हो भने तुरुन्तै मुलुकको राजनीतिक धार सङ्लिन्छ। पदका लागि उनीहरूबीच लात–जुत्ता नहुँदा मुलुकको राजनीतिक गति राम्रै थियो। यी नेताहरू फेरि पनि एक हुने हो भने राजनीतिक धार पूर्ववत् अवस्थामा पुग्छ। उनीहरू एक भएमा अरूले खेल्न पाउँदैनन् र सबै पक्ष आआफ्नै धारमा फर्कने छन्। राजनीतिमा असम्भव भन्ने केही पनि हुँदैन, तर आत्मा साक्षी राखी आफूभित्रको विकृति, कमजोरी र भूलको पहिचान गर्दै र त्यसमा सुधार गर्दै अरूको अस्तित्वलाई पनि स्वीकार गरी अगाडि बढ्ने आँट उनीहरूमा हुनुपर्छ।**

# आम्रपालीसित बुद्ध र अजातशत्रुको सम्बन्ध

स्वान्तः सुखाय



सञ्जय मित्र
mitrasanjay41@gmail.com

**भगवान् बुद्धको अजातशत्रुसित पहिलेको सम्बन्ध र पछिको सम्बन्धमा भिन्नता देखिन्छ भने अम्बपालीसितको सम्बन्ध सर्वदा एकनासको रहेको देखिन्छ। तर बुद्धप्रति वैरभाव मनमा राख्ने अजातशत्रु जब अम्बपाली सन्न्यासिनी भइन् तब बुद्धप्रतिको भावना बदलिएको थियो।**

इतिहास र पुराणको सम्बन्ध रहेको छ। भगवान् गौतम बुद्धको समय र यात्रालाई हेर्दा यो पूर्णतया स्पष्ट हुन्छ।

भगवान् गौतम बुद्धका पिता शुद्धोधनका समकालीन मगध सम्राट हुन् विम्बिसार। विम्बिसारका पुत्र हुन् अजातशत्रु। अजातशत्रु अत्यन्त उच्च महत्त्वाकाङ्क्षा राख्ने पात्र हुन्।

शुद्धोधनका भाइ द्रुद्धोधनका छोरा देवदत्त पनि अति महत्त्वाकाङ्क्षी थिए। संयोग कस्तो थियो भने अजातशत्रु र देवदत्तबीच मित्रता थियो तर दुवैका मित्रतामा स्वार्थ थियो। दुवै राजा बन्न चाहन्थे। विम्बिसारका उत्तराधिकारी अजातशत्रु थिए तर शुद्धोधनका उत्तराधिकारी देवदत्त थिएनन्।

अजातशत्रुका पिता विम्बिसार गौतम बुद्धका अनुयायी थिए। राज्यमा गौतम बुद्धको ठूलो सम्मान भएकोले दरबारका पण्डित पुरोहित क्षुब्ध थिए। राजा बन्न लालायित अजातशत्रुको महत्त्वाकाङ्क्षा अझ बढाउँदै पण्डित–पुरोहितहरूले षड्यन्त्र गरे र विम्बिसारलाई कैद गर्न लगाए। छोराको महत्त्वाकाङ्क्षा बुझेका विम्बिसारले कारागारमा नै हत्या गर्लान् भन्ने बुझेर छोरालाई पितृहत्याको दोषबाट जोगाउन आत्महत्या गरे। अजातशत्रु राजा बने।

अजातशत्रु राजा नबन्दै आम्रपाली विम्बिसारसित गएर भगवान् गौतम बुद्धको दर्शन गर्दथिन्, उपदेश सुन्दथिन्। आम्रपाली कतिपय समय विम्बिसारसित दरबारमैं बिताउँथिन्। यो कुरो पूर्ण रूपमा गोप्य राखिएको थियो तर भगवान् बुद्धलाई सबै यथार्थ थाहा थियो।

विम्बिसारलाई अजातशत्रुले कारागारमा बन्दी बनाउने योजना बनाएको विम्बिसार र आम्रपाली दुवैलाई जानकारी थियो। विम्बिसारले आम्रपालीलाई गोप्य बाटोबाट शपथ दिलाएर वैशाली पठाएका थिए। वास्तवमा आम्रपाली वैशालीकै थिइन्। इतिहासले आम्रपालीलाई वैशालीकी नगरबधू भनेर चिन्दछ। त्यस युगमा आम्रपालीलाई प्रथम विश्वसुन्दरी भन्न सकिन्छ। अजातशत्रुले वैशालीलाई आफ्नो शत्रु ठान्दथे। वैशालीमाथि आक्रमण गर्दा आम्रपालीले आफ्ना संरक्षक, युवा दस्ता तथा पर्याप्त धन दिएर वैशालीलाई जिताएकी थिइन्। अनेकौं घाइतेलाई उपचार गरेकी आम्रपालीको अर्को नाम अम्बपाली पनि थियो।

अम्बपालीलाई कुनै पनि मूल्यमा पाउन चाहन्थे अजातशत्रु।

विम्बिसारको मृत्युपछि आम्रपाली एक दिन गौतम बुद्धलाई भेट्न गइन्। सिद्धार्थ गौतमसित भेट गरेपछि केही उपदेश ग्रहण गरिन् र अजातशत्रुले बुद्धमाथि केही नराम्रो गर्न सक्ने पनि बताइन्। बुद्धको दर्शनपछि डोलीमा वैशाली फर्किरहेकी अम्बपालीमाथि अजातशत्रुले आक्रमण गरे। अम्बपालीसित छिटै बिहे प्रस्ताव स्वीकार गरेर मगध साम्राज्यकी महारानी बन्ने प्रस्तावमाथि निर्णय सुनाउन दबाब दिए।

केही दिनपछि अजातशत्रुलाई उनका द्वारपालले उपहारको एउटा बाकस आएको बताए। उपहारको बाकस खोलेर हेर्दा त्यसमा अजातशत्रुले अम्बपालीलाई दिएको बहुमूल्य रत्नाभूषण थियो। द्वारपालले यो पनि सन्देश दियो कि अम्बपाली भिक्षुणी बनिसकिन्। अम्बपाली भिक्षुणी बनेको खबरले अत्यन्त विक्षिप्त बने अजातशत्रु।

बुद्धको बढ्दो लोकप्रियता रोक्न बुवाको हत्या गर्नेसम्मको योजना बनाएका अजातशत्रुले आमाको आशीर्वाद पनि पाउन सकेनन्। आमा पनि बौद्ध भिक्षु बनिन्। अन्तिम सहारा अम्बपालीलाई बनाउन चाहेका थिए। उनी पनि भिक्षुणी भइन्। अत्यन्त निराश र क्षुब्ध भएको बखत एक दिन एकजना भिक्षु दरबारमा भिक्षा माग्न आयो। अलिकति भिक्षा लिएर जान थालेपछि अज्ञातशत्रुले आफ्नो शिरको ताज नै बुद्धकहाँ पठाइदिए। भगवान् बुद्धले थाहा पाएर तिनको तनाव कम गर्न आफैं आए। भगवान् बुद्धसित अनेक प्रश्न गरे, अजातशत्रुले।

मनमा शान्ति कसरी हुन सक्छ भन्ने भनाइ अजातशत्रुको थियो। बुद्धले मनभित्रै शान्ति छ भने। बाहिर खोजेर होइन आफैंभित्र रहेको शान्तिलाई खोज्न सक्नुपर्दछ भने। अजातशत्रुले जति पनि प्रश्न गरे, सबै प्रश्नको चित्तबुझ्दो उत्तर बुद्धले दिंदै गए। त्यससित सम्बन्धित कुराहरू पनि बताउँदै गए। अज्ञातशत्रुको मनमा पनि वैराग्यभाव उत्पन्न भयो तर बुद्धको सल्लाहले उनले राज्य त्यागेनन्। राजा बनिरहे तर धर्मसङ्गत किसिमले राज्य सञ्चालन गर्ने प्रण गरे। गौतम बुद्धले महापरिनिर्वाण गर्दा अन्तिम दर्शनका लागि अजातशत्रु पनि पुगेका थिए। प्रारम्भमा बुद्धको विरोधीको रूपमा देखिएका अजातशत्रु अन्ततः बुद्धकै शरणमा पुगे र अनुयायी भए।

हुन त काशी नरेश पनि सिद्धार्थलाई देखिसहँदैनथे तर उनको सम्पर्क, उनको दर्शन र विचारबाट यति धेरै प्रभावित भए कि सबै किसिमले सहयोग गर्ने प्रतिबद्धता जनाए। राजा शुद्धोधनकै समयदेखि सदैव मैत्री तथा सद्भावपूर्ण सम्बन्ध वैशालीसित रहेको थियो। सिद्धार्थ गौतमबाट गौतम बुद्ध बनिसकेपछि पनि वैशालीसित हार्दिक सम्बन्ध रहिरह्यो। बुद्धका सार्है प्रिय स्थानमा वैशाली पनि थियो। भगवान् बुद्धले स्वयं यस कुरालाई स्वीकार गरेका छन्। बुद्धको शेषपछि उनका प्रिय शिष्य एवं काकाका छोरा आनन्दका लागि पनि वैशाली प्रिय बनिरह्यो। ध्वस्त भएपछि पनि वैशालीमा उनको इच्छानुसार भिक्षु आनन्दको अस्थि विसर्जन गरिएको थियो। आनन्दको अस्थि विसर्जन गरिएको स्थानको नाम त्यतिबेला उच्चकला थियो भने अहिले त्यो ठाउँ हाजीपुरको नामले प्रसिद्ध छ। सन् १३४५ मा बङ्गालबाट आएका हाजी इलियासले त्यहीबाट शासन गर्न थालेपछि उच्चकलाको नाम हाजी इलियासकै नामबाट रहन पुगेको हो।

वैशालीकी नगरबधू अम्बपालीका एक छोरा थिए जो सानैमा भिक्षु बनेका थिए। अम्बपाली भिक्षुणी बनेपछि अन्य धेरैले एकैसाथ सन्न्यास ग्रहण गरेका थिए।

हुन त सिद्धार्थ गौतमकी पत्नी यशोधरा र सिद्धार्थलाई पालनपोषण गर्ने आमा प्रजापति पनि भिक्षुणी बनिसकेकी थिइन्। गौतम बुद्धले दीक्षा दिएको पहिलो महिला नै माता प्रजापति थिइन्। गौतम बुद्ध आफैंले दीक्षा दिएका तीन शक्तिशाली महिलामा आफ्नै माता प्रजापति, सिद्धार्थ गौतमकी पत्नी यशोधरा र वैशालीकी नगरबधू आम्रपाली थिए।

भगवान् बुद्ध र अम्बपालीको सम्बन्ध एउटा घटनाले पनि पुष्टि गर्दछ। भगवान् बुद्ध राजगृह (मगधको राजधानी जसलाई अहिले राजगिर भन्ने नामले चिनिन्छ) जाँदा र फर्कंदा वैशालीमा बस्दथे। एकपटक उनले अम्बपालीको आतिथ्य पनि ग्रहण गरे। जब एकचोटि तथागत वैशालीमा रोकिएका थिए, त्यहाँ देवताहरूजस्तो देदीप्य लिच्छवि राजपुत्रहरूले भगवान् बुद्धलाई भोजनको लागि गरेको आग्रह भगवान् बुद्धले अस्वीकार गरिदिए। त्यहीं राजनर्तकी वा गणिका अम्बपालीको निष्ठाबाट प्रसन्न भई उनको आतिथ्य स्वीकार गरे। यसबाट गर्वले अभिभूत अम्बपालीले राजपुत्रहरूलाई लज्जित तुल्याउँदै आफ्नो रथ राजपुत्रहरूको बराबरीमा हाँकेर बुद्धको महिमा राजपरिवारभन्दा ठूलो छ भन्ने देखाएकी थिइन्। आम्रपालीले आफ्नो आँपको एउटा बगैंचा भिक्षु सङ्घलाई दानमा दिइन्। यस घटनाबाट एकातिर बुद्धको नारीप्रतिको सम्मान तथा श्रद्धा र सम्मान स्पष्ट हुन्छ भने अर्कोतिर आम्रपालीको वैभवताको पनि सामान्य सङ्केत पाइन्छ।

भाषाको इतिहासमा त यो पनि भनिन्छ कि आम्रपाली सङ्घमा सम्मिलित भएपछि भजनहरू पनि लेखेकी थिइन्। आम्रपालीले बज्जिका भाषामा लेखेका सत्तरीभन्दा बढी भजन उपलब्ध रहेको भनिन्छ तर कहाँ छ र कोसित छ अज्ञात छ। अम्बपालीरचित भजनहरू भगवान् बुद्धसित सम्बन्धित छन्।

भगवान् बुद्धले प्रारम्भमा यशोधरालाई भिक्षुणी बनाउन अस्वीकार गरेका थिए। जब महाराज शुद्धोधनको देहान्त भयो तब प्रजापतिको निष्ठाको अगाडि केही लागेन। प्रजापतिको आफ्नो पनि एक छोरा थिए जो पहिल्यै भिक्षु बनिसकेका थिए, सिद्धार्थ गौतमले त बुद्धत्व नै प्राप्त गरिसकेका थिए, अन्य भाइहरू पनि भिक्षु सङ्घमा सामेल भइसकेका थिए, दरबारका पुराना मन्त्रीहरूसमेत सङ्घका सदस्य भइसकेका थिए। यस परिस्थितिमा प्रजापतिलाई दरबारमा शान्ति र सुख सम्भव थिएन। उनी पनि भिक्षुणी बनिन्। बुद्धले शर्तसहित भिक्षुणीहरूलाई भिक्षुहरूबाट अलग्गै राखेका थिए।

भगवान् बुद्धको अजातशत्रुसित पहिलेको सम्बन्ध र पछिको सम्बन्धमा भिन्नता देखिन्छ भने अम्बपालीसितको सम्बन्ध सर्वदा एकनासको रहेको देखिन्छ। तर बुद्धप्रति वैरभाव मनमा राख्ने अजातशत्रु जब अम्बपाली सन्न्यासिनी भइन् तब बुद्धप्रतिको भावना बदलिएको थियो।

# ढुङ्गा, गिट्टी र बालुवा निकासी गर्ने योजना कार्यान्वयन नगर्न सर्वोच्चको आदेश

काठमाडौं, ४ असार/रासस

सर्वोच्च अदालतले सरकारले बजेटमार्फत ल्याएको ढु.ा, गिट्टी र बालुवा





निकासी गर्ने योजना तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ। प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा तथा न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की र विश्वम्भरप्रसाद श्रेष्ठको संवैधानिक इजलासले आज सरकारको उक्त योजना कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको हो।

आदेशमा भनिएको छ–"समान आधार र कारणबाट यसमा समेत नेपाल सरकारको आव २०७८–०७९ को आयव्ययको सार्वजनिक जानकारी वक्तव्यको नं १९९ को व्यवस्था प्रस्तुत रिट निवेदन किनारा नलागेसम्म कार्यान्वयन नगर्नू, नगराउनू, यथास्थितिमा राख्नू।"

आदेशमा बाटोको म्यादबाहेक सात दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नसमेत भनिएको छ। उक्त निवेदनमाथिको सुनवाइपछि उक्त अन्तरिम आदेश जारी भएको हो। सो विषयमा अधिवक्ताहरू त्रिलोकबहादुर चन्द र उनका तर्फबाट अधिवक्ताहरू कीर्तिनाथ शर्मा पौडेल तथा विकास भट्टराईले बहस गरेका थिए।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ताहरू शैलेन्द्रप्रसाद अम्बेडकर, रामबहादुर शाही, डा पुण्यप्रसाद खतिवडा, हरिराम लवजु, अतिश कार्की र विक्रम नगरकोटीले ढुङ्गा, गिट्टी, बालुवा निकासी गर्ने सरकारको योजना कार्यान्वयन नगर्न अन्तरिम आदेश माग गर्दै छुट्टाछुट्टै रिट दायर गरेका थिए।

सरकारले आर्थिक वर्ष २०७८–७९ को बजेट वक्तव्यमा गिट्टी, बालुवा, ढुङ्गा निकासी गर्ने कार्यक्रम ल्याएको थियो। अध्यादेशमार्फत ल्याइएको बजेटको यस्तो व्यवस्थाले चुरेलगायत तराई क्षेत्र विनाश हुने भन्दै आलोचना हुँदै आएको थियो।

# भन्सार छलीका सामान बरामद

प्रस, वीरगंज, ४ असार/

जिल्ला प्रहरी कार्यालय, बाराले विभिन्न मितिमा बरामद गरेको भन्सार छलीका सामान वीरगंज भन्सार कार्यालय चलान गरेको छ।

बारा प्रहरीका प्रवक्ता प्रनाउ गौतम मिश्रले १४ लाख १० हजार बराबरको लत्ताकपडा, चिनी, दुई थान मोटरसाइकल, एउटा जिप र एक थान बेवारिसे एक्सरे मेशीन वीरगंज भन्सार चलान गरिएको बताए। उनले विभिन्न मितिमा ती सामान बरामद भएको र कारबाईको लागि वीरगंज भन्सार चलान गरेको जनाएको छ।





तस्वीर सौजन्यः जिप्रका, बारा

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# चीनमा १७ करोडले खोप लगाए

बेइजिङ, ४ असार/सिन्हवा

चीनमा बिहीवारसम्म ९६ करोड ६७ लाखभन्दा बढी व्यक्तिलाई कोभिड–१९ विरुद्ध खोप लगाइएको छ।

राष्ट्रिय स्वास्थ्य आयोगले चीनमा खोप अभियानलाई तीव्र बनाइएको जनाएको छ। मुख्य शहरी र गाउँहरूमा पनि खोप सुविधा विस्तार गरिएको आयोगको भनाइ छ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वको जनसङ्ख्याको करीब २१ प्रतिशतलाई खोप दिइएको छ। अर्थात् विश्वभर २ अर्ब ५० करोड डोज खोप लगाइएको छ। हरेक दिन तीन करोड ३९ लाखले खोप लगाइरहेका छन्।

तर न्यून आय भएका मुलुकहरूको ०.८ प्रतिशत जनसङ्ख्याले मात्र कम्तिमा एक डोज खोप लगाएको छ।

पछिल्लो विवरण अनुसार दोस्रो स्थानमा रहेको संयुक्तराज्य अमेरिकामा ३१ करोड २९ लाख डोज खोप लगाइएको छ। त्यसपछि तेस्रो स्थानमा रहेको भारतमा २५ करोड ८३ लाखले खोप लगाएका छन्।

जनसङ्ख्याका आधारमा इजरायलमा कुल जनसङ्ख्याको ५९ प्रतिशतले पूर्ण खोप लगाएका छन् भने बेलायतमा ४५ प्रतिशत, चिलीमा ४८, उरुग्वेमा ३७, बहराइनमा ५१ प्रतिशत, हंगेरीमा ४५ प्रतिशत, संयुक्तराज्य अमेरिकामा ४४ प्रतिशतले पूर्ण खोप पाएका छन्।

तर कोभिड–१९ को दोस्रो लहरबाट सर्वाधिक असर परेको भारतमा ३.५ प्रतिशतले पूर्ण तथा १२ प्रतिशतले आंशिक खोप लगाएको डब्लुएचओले जनाएको छ। रासस

# जाम्बियाका प्रथम राष्ट्रपति काउन्डाको निधन

लुकासा, ४ असार/सिन्हवा



अफ्रिकी मुलुक जाम्बियाका प्रथम राष्ट्रपति केन्नेथ काउन्डाको निधन भएको छ। उनको ९७ वर्षको उमेरमा बिहीवार निधन भएको सरकारी अधिकारीहरूले पुष्टि गरेका छन्।

जाम्बिया मन्त्रिपरिषद्का सचिव सिमोन मिटीले स्थानीय समय अनुसार बिहीवार दिउँसो साढे २ बजे उनको निधन भएको पुष्टि गरेका हुन्।

उनलाई उपचारका लागि गत सोमवारदेखि राजधानी लुकासामा रहेको सैन्य अस्पतालमा भर्ना गरिएको थियो।

निमोनियाका कारण उनको निधन भएको उनको उपचारमा संलग्न चिकित्सकहरूले जानकारी दिएका छन्। उनलाई यस अघि कोरोना भाइरसको सङ्क्रमण भएको पनि भनिएको थियो।

जाम्बियाका राष्ट्रपति एडगर लुँगुले मुलुकका प्रथम राष्ट्रपतिको निधनको खबरले आफू स्तब्ध भएको उल्लेख गरेका छन्।

"राष्ट्रको अभिभावकको रूपमा रहेका प्रथम राष्ट्रपति काउन्डाको निधनको खबरले म स्तब्ध भएको छ, यो दुःखद समयमा म उहाँको परिवारप्रति समवेदना व्यक्त गर्न चाहन्छु"–उनले सामाजिक सञ्जाल फेसबूकमा लेखेका छन्।

राष्ट्रपति लुँगुले प्रथम राष्ट्रपति काउन्डा अफ्रिकी क्षेत्रकै अनुकरणीय व्यक्तित्व भएको बताएका छन्।

जाम्बिया बेलायती उपनिवेशबाट मुक्त भएपछि उनी सन् १९६४ मा मुलुकको पहिलो राष्ट्रपति निर्वाचित भएका थिए।

सन् १९५० को दशकमा भएको बेलायती उपनिवेशविरुद्ध आन्दोलनमा उनी प्रमुख आन्दोलनकारी नेताका रूपमा सक्रिय रहेका थिए। आन्दोलन सफल भएपछि सन् १९६४ मा शुरू भएको उनको राष्ट्रपतिकाल भने सन् १९९१ सम्म रहेको थियो। रासस

# इरानमा राष्ट्रपतिका लागि मतदान शुरू

दुबई, ४ असार/एपी

इस्लामिक मुलुक इरानमा राष्ट्रपतिका लागि शुक्रवार बिहानैदेखि मतदान शुरू भएको छ। इरानका सर्वोच्च नेता आयातोल्लाह अलि खोमेनीको समर्थनप्राप्त कट्टरपन्थी उम्मेदवार नै यस पटकको चुनावमा विजयी हुने अनुमान गरिएको छ।

इरानको राष्ट्रपतिमा यसपटक चार जनाले उम्मेदवारी दिएका छन्। सर्वोच्च नेता खोमेनीले न्यायपालिकाका प्रमुख इब्राहिम राइसीलाई समर्थन गरेकाले उनी नै विजयी हुने मत सर्वेक्षणहरूले देखाएका छन्।

केन्द्रीय बैंकका पूर्व प्रमुख अब्दोल नासेर हेमाटीलाई औसत एवं नरम उम्मेदवार मानिएको छ।

राइसी इरानको राष्ट्रपतिमा निर्वाचित भए उनी अमेरिकी सरकारले प्रतिबन्ध लगाएको पहिलो राष्ट्रपति हुनेछन्। राइसीमाथि सन् १९८८ मा बन्दीहरूको सामूहिक हत्या गरेको आरोप छ। साथै राइसीले इरानी न्यायपालिकाको नेतृत्व सम्हालेको अवधिमा इरानमा सबैभन्दा बढीलाई मृत्युदण्ड दिइएको थियो।

मतदानका लागि बिहान सात बजेदेखि मतदान केन्द्रहरू खुलेका छन्। सर्वोच्च नेता खोमेनीको अध्यक्षतामा रहेको उम्मेदवार छनोट समितिले सुधारवादी र पूर्व राष्ट्रपति हसन रोहानीसँग निकट रहेका कैयौं व्यक्तिलाई उम्मेदवार हुनबाट वञ्चित गरेको थियो।

सर्वोच्च नेता खोमेनीले राजधानी तेहरानमा मतदान गरेका छन्। उनले आमनागरिकलाई मतदानमा सहभागी हुन पनि आग्रह गरेका छन्।

राष्ट्रपतिका प्रभावशाली उम्मेदवार राइसीले दक्षिणी तेहरानको मस्जिदमा मतदान गरेका छन्। उनले पनि इरानका सबै योग्य नागरिकलाई मतदानमा भाग लिन आग्रह गरे।

राइसीको उम्मेदवारीलाई लिएर इरानका कतिपय नागरिकले असन्तुष्टि जनाएका छन्।

करीब आठ करोड जनसङ्ख्या रहेको इरानमा यसपटक पाँच करोड ९० लाख मतदाता रहेका छन्। तर सरकारसँग निकट इरानी विद्यार्थी सङ्गठनले यसपटक करीब ४२ प्रतिशत मतदान हुने जनाएको छ।

यो सन् १९७९ को इस्लामिक क्रान्तिपछिको यो सबैभन्दा न्यून मतदान हुनेछ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – कडाश्रम | वृष – ज्ञानोदय |
| मिथुन – उदरपीडा | कर्कट – मित्रमिलन |
| सिंह – अतिथिआगमन | कन्या – सुयश |
| तुला – खर्चवृद्धि | वृश्चिक – धनलाभ |
| धनु – कर्मप्राप्ति | मकर – राज्यलाभ |
| कुम्भ – रोगभय | मीन – व्यापारवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# सरकारी अस्पतालको व्यथामाझ अग्रपङ्क्तिका योद्धाहरू

सरोकार



राजेश मिश्र

**जथाभावी फोहर गर्ने मानिसहरूको बानीप्रति उनले खेद प्रकट गरे। बिरामी कक्ष, बरन्डा, भऱ्याङ र खुल्ला स्थानमा जहाँ पायो त्यहीं गुटखा, पान, बिस्कुट र पाउरोटीको खोल, खाना र प्लास्टिकजन्य सामग्री जथाभावी फाल्ने बानीमा सुधार ल्याउनुपर्ने उनको अनुरोध सबैले मनन गर्नुपर्दछ।**

२०५२/५३ सालताका नुवाकोटमा मैले प्रत्यक्ष अनुभूति गरेको एउटा प्रसङ्ग यहाँ साझा गर्नु सान्दर्भिक हुनेछ। चुनावको बेला थियो। नेताहरूको घरदैलो कार्यक्रम चलिरहेको थियो। नुवाकोट दिग्गज नेताहरूको गढ मानिन्थ्यो। नुवाकोट जिल्लाको तत्कालीन मदानपुर गाविसका बासिन्दाहरूले स्थानीय समस्या जसले हल गर्छ, उसैलाई मत दिने भन्दै एकापसमा सल्लाह गरेका रहेछन्। मतको लागि अनुनयविनय गर्न आउने नेताहरूसँग उनीहरूले सडक र पानीको समस्या निर्वाचनअघि समाधान गर्ने व्यक्तिलाई मात्र मत दिन्छौं, भन्थे। ती मतदाताहरूलाई न त सिंहासनको लोभ थियो, न त कुनै पदमोह थियो। उनीहरूलाई केवल अपेक्षा थियो, स्थानीय समस्याको समाधान हुनुपर्छ। अन्ततः नागरिकको दृढ इच्छाशक्तिको अगाडि नेताहरू नतमस्तक हुन बाध्य भए। चुनावअघि उनीहरूको समस्या समाधान भयो। आश्वासन बाँड्नेले मत पाएनन्। समस्या समाधान गर्नेले मत पायो।

सरकारी अस्पताल आमजनताको साझा धरोहर हो। यद्यपि सरकारी अस्पतालहरू अपवादबाहेक दुर्गन्धित राजनीतिको शिकार भइरहेका छन्। कामकारबाई गुट–उपगुटमा विभाजित छ। यो तीतो सत्यलाई अस्वीकार गर्ने ठाउँ छैन। सरकारी अस्पतालहरूमा कुनियतपूर्ण हस्तक्षेप भइरहेसम्म कल्पना गरेको सरकारी स्वास्थ्य सेवा उपलब्धिमूलक हुन सक्दैन। हस्तक्षेप किन भनिएको हो भने सरकारी अस्पताल प्रायः आफन्त नियुक्त गर्ने र आर्थिक ब्रह्मलुटसम्म सीमित छ।

एकातर्फ निजी अस्पतालहरूको पनि वक्रदृष्टि सरकारी अस्पतालमाथि केन्द्रित छ। किनभने सरकारी अस्पतालमा गुणस्तरीय उपचार सेवा प्रवाह भएमा महँगो सेवाका निजी पसलहरू प्रभावित हुन सक्छन्। अर्कोतर्फ आमजनमा अपवादबाहेक आफूलाई नेताको चाकरीबाजमा सीमित राख्ने मनोविज्ञान पनि बढ्दो छ। त्यसैले नितान्त सामाजिक सरोकारका विषयहरू ज्ञात भएपनि नागरिकमा आँटसहित आफ्नो नेतासँग विमर्श गर्ने क्षमता छैन। त्यसैले अपेक्षित परिणाम उपेक्षित छ।

उपरोक्त प्रसङ्ग उल्लेख गर्नुको तात्पर्य के हो भने सामाजिक समस्या समाधानको सन्दर्भमा देखेर पनि नदेखेजस्तो गर्ने नेतालाई प्रश्न गर्ने आँट कार्यकर्ता र आमजनतामा जागृत हुन जरुरी छ। के हामीले आफ्ना नेतागणको द्वारमा स्वास्थ्य सेवाका समस्याबारे प्रश्न गर्न पुग्छौं? बेथिति किन मौलाइरहेको छ? कसरी समाधान हुन्छ? अस्पताल, चिकित्सक र स्वास्थ्यकर्मीका समस्याहरू के के हुन्? भौतिक संरचनाको अवस्था कस्तो छ? स्वास्थ्य उपकरणको उपलब्धता कति छ? लगायतका जनसरोकारका विषयमा न त राजनीतिक वृत्त अज्ञानी छ, न त समाज। कुनै दलीय विचार वा व्यक्तिको सन्निकट रहनु भिन्दै कुरा हो। यद्यपि सामाजिक सरोकारका विषयमा आआफ्नो दलसमक्ष प्रसङ्ग उठाउनुपर्छ। राम्रो गरिरहेका विपक्षीको पनि प्रशंसा गर्नुपर्दछ भने सामाजिक अहित गर्ने आफ्नै दलका नेता किन नहोऊन्, निन्दा गर्ने क्षमताको सुरुआत अब नवपुस्ताबाट शुभारम्भ हुनुपर्दछ। अनिमात्र हामी र हाम्रा आगामी पुस्ताले अपेक्षित परिणाम अनुभूत गर्न सक्छन्।

प्रदेश २ को धनुषाको जनकपुर अस्पताल र पर्साको नारायणी तथा पोखरिया अस्पताललगायत समस्त सरकारी अस्पतालमा ठड्याइएका भवन, ईंट, पर्खाल र भऱ्याङलगायतका भौतिक संरचनाहरूसमेत बेथितिजन्य काण्डका वर्षौंदेखिका प्रत्यक्षदर्शी हुन् तर ती स्वरविहीन छन्। बोल्न सक्दैनन्। विभिन्न बहानामा सरकारी अस्पतालहरू भित्री र बाह्य षड्यन्त्रको शिकार हुँदै आइरहेका छन्। सरकारी अस्पतालको सेवाप्रवाह गुणस्तरीय र प्रभावकारी बनाउनको लागि सरकार, अस्पताल विकास समिति, बुद्धिजीवी, नागरिक तथा युवालगायतको निस्स्वार्थ भावका साथ पहल अपेक्षित छ।

चिकित्सक, स्वास्थ्यकर्मी तथा सफाइकर्मीहरूलाई पनि सामाजिक अपनत्व आवश्यक छ। सीमित स्रोत र साधनका बावजूद कोरोनाको यस महामारीमाझ अग्रपङ्क्तिका योद्धाहरू आमजनताको जीवनरक्षाप्रति कर्तव्यनिष्ठताका साथ खटिरहेका छन्। यही सेरोफेरोमा कोरोनाको डरत्रासबीच नारायणी अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी तथा सफाइकर्मीसँगको विगतदेखि अहिलेसम्मका काम, कर्तव्य तथा अनुभवहरूमा आधारित संवादको संक्षिप्त अंश प्रस्तुत छ।



डा उदयनारायण सिंह (कोभिड संयोजक), हेमा थापा (कोभिड नर्सिङ संयोजक), कार्यालय सहयोगी र सफाइकर्मीहरू। तस्वीरः प्रतीक

**डा उदयनारायण सिंह (कोभिड संयोजक)**

यस वर्ष मृत्युदर बढी हुनुका कारणहरूमध्ये क्रस सङ्क्रमण, गम्भीर प्रकृतिको भाइरस र ढिलो गरी उपचार सेवा लिन आउनु प्रमुख थिए। सङ्क्रमित बिरामीका कुरुवाहरू सावधानीविना बिरामीको सम्पर्कमा आउँथे। कोरोना सङ्क्रमणको वाहक बन्थे। एकातर्फ बिरामी निको हुन्थे। अर्कोतर्फ बिरामीको आफन्त सङ्क्रमित हुन्थे। यस प्रक्रियालाई स्वास्थ्य विज्ञानको भाषामा 'क्रस सङ्क्रमण' भनिन्छ।

कुनै न कुनै प्रकारले मानवीय असावधानीका कारण सङ्क्रमणको प्रसार समुदायमा फैलिंदै गयो। दुई हप्ताअघिको भन्दा अहिले तनावयुक्त वातावरणमा कमी आएको छ। अपवादका घटनाबाहेक आमजनताको साथ र सहयोगले चिकित्सक र स्वास्थ्यकर्मीलाई उच्च मनोबल प्राप्त छ। कोरोनाको त्रास सबैलाई छ। कोरोना सङ्क्रमणले चिकित्सकको पनि ज्यान लिएको छ। यद्यपि आमजनको ज्यान बचाउनु हाम्रो परम कर्तव्य हो र कर्तव्य निर्वाहमा अहोरात्र खटिरहेका छौं।

बिरामीको लक्षण अनुसार सङ्क्रमितहरूको 'ब्लड कल्चर' गरेर 'सेकेन्ड्री इन्फेक्शन' पत्ता लगाउनेतर्फ पनि गम्भीर ध्यानाकर्षण भयो। सेकेन्ड्री सङ्क्रमण अर्थात् कोरोनासँगै अन्य ब्याक्टेरियाको पनि जोखिम छ कि? भन्नेतर्फ उपचार लक्षित थियो। लक्षण अनुसार उपचारको प्रक्रिया अँगाल्दै गइयो। सीमित स्रोत र साधनका बावजूद चिकित्सक, स्वास्थ्यकर्मी, सफाइकर्मीलगायतका समन्वयकारी भूमिकाले अहिलेको यो अवस्थामा आइपुगेका छौं।

दाताहरूको कारण सेन्ट्रल अक्सिजन पाइपलाइन सेवा अहिले नारायणी अस्पतालको दुईवटा वार्डमा उपलब्ध छ। अक्सिजनको लेबल १ देखि १५ सम्म गर्न मिल्छ। एकको अर्थ हो प्रतिमिनेट १ लिटर अक्सिजन फ्लो हुन्छ। कुरुवाहरूले अक्सिजनको लेबल आफैं बढाइ दिने जस्ता गुनासो स्वास्थ्यकर्मीहरूबाट आउन थालेपछि कुरुवाहरूलाई सम्झाउने काम गरियो। उदाहरणको लागि कसैलाई प्रतिमिनेट ६ लिटर अक्सिजन आवश्यक हुन्छ भने कतिपयलाई प्रतिमिनेट १० लिटर आवश्यक पर्न सक्छ। यो बिरामीको अवस्थामा निर्भर गर्छ। बिरामीको अवस्थालाई यकीन गरेर अक्सिजनको मात्रा निश्चित गरिन्छ।

दाताहरूले सेन्ट्रल अक्सिजन र थप भेन्टिलेटर आदिको व्यवस्थापन र सहयोगले बिरामीहरूको लागि सञ्जीवनीको काम गरिरहेको छ। प्रदेश २ सरकारद्वारा जनशक्तिको व्यवस्थापन त भयो, तर अलि ढिलो भयो।

अहिले कोभिड बिरामीको उपचारमा डा नीरज सिंह, डा राकेश तिवारी, डा सरोजरोशन दास, डा दीपक चौरसिया, डा रामकिशोर सिंह, डा जेपी जैसवाल, डा दीपक कुशवाहा, डा परमेश्वर साह, डा प्रशान्त वर्णवाल, डा ऐराज खान र डा राजीव यादवलगायतका चिकित्सक, स्वास्थ्यकर्मी तथा सफाइकर्मीहरूको साथ र सहयोगले आज यो अवस्थामा आइपुगेका छौं।

कोरोनाले प्रारूप परिवर्तन गरी तेस्रो लहरको सम्भावना रहेको छ। पहिलो लहरमा वृद्धवृद्धा, दोस्रो लहरमा व्यस्क बढी सङ्क्रमित भएजस्तै तेस्रो लहरमा बालबालिकामा असर पर्ने सम्भावना बढी छ। त्यसैले सावधानी र सतर्कता अहिले पनि उत्तिकै अपरिहार्य छ।

**हेमा थापा (कोभिड, नर्सिङ कोअर्डिनेटर)**

'दिदी मेरो बिरामीलाई बचाइदिनुस्,' यस्ता स्वरहरू दिनहुँ सुन्नुपर्छ। बिरामीको छटपटी र आफन्तजनको अवस्था हेरेर मन दुःखी हुन्छ। आफूसँग भएको ज्ञान अनुसार उपचारको प्रयासमा कुनै कसर बाँकी राखिंदैन। यद्यपि कोही निको भएर घर फर्कन्छन् र कसैको जीवन समाप्त हुन्छ। आफन्तजनले मात्र होइन, हामी स्वास्थ्यकर्मीहरूले पनि बिरामी छिट्टै निको होस् र घर फर्कियोस् भन्ने ईश्वरसँग कामना गर्दछौं।

कोरोनाकालका यी सन्दर्भहरू सुनाइरहँदा साहसी स्वास्थ्यकर्मी थापाको मुटुभित्रको वेदना अश्रुको थोपाको रूपमा आँखामा प्रस्ट झल्किरहेको थियो।

नर्सिङ सेवाको २७ वर्षको अवधिमा कोरोनाको दोस्रो लहर जस्तो भयावह स्थिति यसअघि कहिल्यै न भोगेको उनी बताउँछिन्। गत वर्षको पहिलो लहरमा नर्सिङ सेवामा सराहनीय भूमिका खेलेकी उनी दोस्रो लहरको क्रममा गत वैशाख १६ गतेदेखि कोभिडको नर्सिङ कोअर्डिनेटरको रूपमा जिम्मेवारी सम्भाल्दै आएकी छन्। उनी भन्छिन्, "गत वर्षको पहिलो लहरताका जनसमुदायमा मात्र त्रास थिएन। अपितु चिकित्सकीय सेवामा आबद्ध पेशाकर्मीहरूमा पनि मानसिक त्रास र पारिवारिक चिन्ता व्याप्त थियो।"

"हेलो, हेमा कस्तो छौं?" गत वर्ष उनी क्वारेन्टाइनमा हुँदा पति कुमार दास मानन्धरको फोन आयो। एउटै शहर र केही मिटरको दूरीमा उनी क्वारेन्टाइनमा तथा पति र छोरा घरमा थिए। दुवैतर्फ एकअर्काप्रति चिन्ता थियो। एक दिन पति र छोराले एकापसमा सल्लाह गरेका रहेछन्। पतिले फोन गरेर भने, "तलको कोठा खाली गराइदिएको छु। यहीं आऊ। यहीं बस। कम्तीमा एकअर्काको अनुहार हेरेर दुःखसुख बाँडौंल नि।" संसार नै कोरोनासँग त्रसित रहेको बेला कोरोना सङ्क्रमितको उपचारमा संलग्न पत्नीलाई मानसिक साहस थप्ने उद्देश्य थियो, पतिको। त्यसपछि उनी आफ्नै घरको भुइँतलामा बस्न थालेकी थिइन्। उनी भन्छिन्, "चिकित्सकको सिफासिश अनुसार अक्सिजनको मात्रा हामी सेट गर्थ्यौं। जस्तै हामीले अक्सिजनको लेबल ६ मा राखेर अर्को बिरामीलाई हेर्न जान्थ्यौं। कुरुवाहरूले अक्सिजनको लेबल बढाएर १० गरिदिन्थे।"

कोरोनाको दोस्रो लहरमा बिरामीको चाप दिन प्रतिदिन बढिरहेको थियो। शय्याको समस्या हुन थाल्यो। सँगै भौतिक संसाधनको पनि समस्या हुन थाल्यो। आइसियू कक्षमा अक्सिजनको सेन्ट्रल पाइपलाइन थिएन। अक्सिजनको सिलिन्डर भुइँतलादेखि माथिल्लो तलासम्म ल्याउने काम नर्स, कार्यालय सहयोगी तथा सफाइकर्मीहरूसमेतको अहम् भूमिका रहेको उनी बताउँछिन्। सयौंको सङ्ख्यामा भारी सिलिन्डर उचालेर माथिसम्म ल्याउनु सहज काम थिएन। पछिल्लो समय दाताहरूले सेन्ट्रल अक्सिजन पाइपलाइनको व्यवस्था गरिदिएपछि अहिले अवस्था सहज भएको छ।

ooooo

कार्यालय सहयोगी सुबोध नेपाल भन्छन्, "कोरोनाको त्रासबीच पनि बिरामीहरूको सेवामा म समर्पित छु। जिम्मेवारी निर्वाहको क्रममा आफू पनि सङ्क्रमित भइएला कि भन्ने डर मनमा नभएको होइन। कोरोनाको सङ्क्रमण ममार्फत घरसम्म पुग्ला कि भन्ने डर पनि मनमा उत्पन्न हुन्छ। यद्यपि स्वास्थ्य सुरक्षाको मापदण्डमा रहेर काम गरिरहेको छु। भुइँतलादेखि अक्सिजन सिलिन्डर उचालेर कोभिड कक्षसम्म कयौंपटक पुऱ्याएको उनी सम्झन्छन्। चिकित्सकले सिफारिश गरेपछि बिरामीलाई एक्स–रे कक्षसम्म पुऱ्याउने र शय्यासम्म ल्याउने काममा उनी संलग्न छन्। उनी भन्छन्, "बिरामीलाई स्ट्रेचरमा राखेर दिनमा कतिपटक ओहोरदोहोर

(बाँकी अन्तिम पातामा)

# नारायणी अस्पताललाई अक्सिजन कन्सेन्ट्रेटर सहयोग

प्रस, वीरगंज, ४ असार/

स्कटल्यान्डको कोभिड–१९ राहत सहयोग समितिले नारायणी अस्पताललाई पाँच थान अक्सिजन कन्सेन्ट्रेटर सहयोग गरेको छ ।




गैरआवासीय नेपाली सङ्घमार्फत खरीद गरिएको २० थान अक्सिजन कन्सेन्ट्रेटरमध्ये पाँच थान नारायणी अस्पताललाई हस्तान्तरण गरिएको प्रकाश अर्यालले जानकारी गराए ।

१० लिटर क्षमता भएको उक्त कन्सेन्ट्रेटर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्र प्रधानलाई हस्तान्तरण गरिएको थियो । डा प्रधानले स्कटल्यान्डका नेपाली सङ्घसंस्था तथा व्यक्तिहरूले गरेको सहयोगप्रति अस्पताल निकै आभारी भएको बताए ।

कार्यक्रममा कोभिड–१९ राहत सहयोग समिति स्कटल्यान्डका प्रतिनिधि प्रकाश अर्याल, नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, केन्द्रीय सदस्य केसी लामिछाने, एम्बुलेन्स चालक सङ्घका केन्द्रीय सदस्य राजु अर्याललगायतले मन्तव्य राखेका थिए ।

# ध्रुवकुण्डतर्फ नपाको ध्यानाकर्षण गराउन सडकमा रोपाईं

प्रस, महोत्तरी, ४ असार/

स्थानीय सरकारकारको ध्यानाकर्षण गराउन महोत्तरी बलवाका युवाहरूले सडकमा नै रोपाईं गरेका छन् । धार्मिकस्थलको सौन्दर्यीकरण, संरक्षण र संवर्द्धन गर्नुपर्ने उनीहरूको माग छ ।

बलवा नगरपालिका–१० स्थित प्रसिद्ध धार्मिकस्थल ध्रुवकुण्डको सौन्दर्यीकरणमा नगरपालिकाले चासो नदिएको युवाहरूको आरोप छ । उनीहरूले बिहीवार र शुक्रवार धमौरा चोकदेखि ध्रुवकुण्डसम्मको हिलाम्य सडकमा धान रोपाईं गरेका हुन् ।

पटक–पटक अनुरोध र ध्यानाकर्षण गराउँदा पनि पौराणिक, धार्मिक र पुरातात्त्विक महत्त्वका स्थलहरूको संरक्षण एवं सौन्दर्यीकरणमा पालिकाले चासो नदेखाएको युवा अगुवा धीरेन्द्रकुमार मण्डलले बताए ।

ध्रुवकुण्ड जाने हिलाम्य सडकमा दुई दिनदेखि रोपाइँ गर्दा पनि पालिकाका जनप्रतिनिधिहरूले अझै चासो नदिएको तर रोपाइँ कार्यक्रममा जनसहभागिता भने उल्लेखनीयरूपमा जुने क्रम बढ्दै गएको अर्का युवा अगुवा विकास कर्णले बताए ।

मिथिलाको प्रसिद्ध १५ दिने मिथिला माध्यमिकी परिक्रमामा छैठौं दिनको रात्रि विश्रामस्थल ध्रुवकुण्ड सत्य युगमा पौराणिक पात्र राजकुमार ध्रुवले तपस्या गरेको स्थलको रूपमा विश्वास गरिन्छ । माध्यमिकी परिक्रमाको विश्रामस्थल पनि ध्रुवकै सम्झनामा बस्ने गरिएको हो ।

सुन्दर, सफा र मनोरम ध्रुवकुण्ड खण्डहरमा परिणत भइसक्दा पनि सङ्घ, प्रदेश र स्थानीय सरकारले समेत नहेरेको स्थानीय कविलासी पासवानले बताए ।

यस सम्बन्धमा बलवा नगरपालिकाले भने नगरभित्रका धार्मिक तथा सांस्कृतिक स्थल र जनसरोकारका कामहरू क्रमशः गर्दै जाने योजना रहेको जनाएको छ । सीमित बजेट र साधन–स्रोतले धेरै काम एकैपटक गर्न नसकिने नगरप्रमुख विनोद यादवले बताए ।

# बलात्कारका अभियुक्त १४ वर्ष पछि पक्राउ

प्रस, सप्तरी, ४ असार/

अदालतबाट बलात्कार अभियोग ठहर भई फरार रहेका अभियुक्तलाई १४ वर्ष पछि प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्ने सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–३ का ४० वर्षीय ओमप्रकाश मुखिया हुन् ।

मुखियालाई बिहीवार प्रहरीले पक्राउ गरी शुक्रवार सार्वजनिक गरेको हो । भैंसी चराउन गएकी दश वर्षीया बालिकालाई चारजनाले सामूहिक बलात्कार गरेको ठहर गर्दै जिल्ला अदालत सप्तरीले अरू दुइजनासँगै मुखियालाई पनि दोषी ठहर गरेको थियो ।

१४ वर्षदेखि फरार सूचीमा रहेका आरोपित मुखियालाई उनकै घरबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, सप्तरीका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले बताए ।

सप्तरी जिल्ला अदालतले विसं २०७५ असार ५ गते मुखियासहित उनका सालाहरू तिलाठी कोइलाडी–५ का ३३ वर्षीय श्यामा मुखिया, ३५ वर्षीय डोमी मुखिया साथै श्यामा र डोमीका बाबु ५५ वर्षीय बिकु मुखियालाई सामूहिक बलात्कारको दोषी ठहर गरेको थियो । उनीहरूलाई जनही १३ वर्ष कैद सजाय तोकिएको छ ।

आरोपितहरूले विसं २०६४ असोज ९ गते सामूहिक बलात्कार गरेको भन्दै पीडितकी आमाले २०६४ असोज १० गते जिल्ला प्रहरी कार्यालय सप्तरीमा उजूरी दिएकी थिइन् । गाउँका आठदेखि १२ वर्ष उमेर समूहका छजना बालबालिका भैंसी चराउन कोशीटप्पु वन क्षेत्रमा गएको बेला अरू बालकलाई कुटपिट गरी डोरीले बाँधेको र होहल्ला गरे ज्यान मार्ने धम्की दिँदै आरोपितहरूले सामूहिक बलात्कार गरेको पीडितकी आमाले दिएको जाहेरीमा उल्लेख छ ।

आरोपित चारजनामध्ये श्यामा २०७७ चैत ९ गते पक्राउ भई राजविराज कारागारमा कैद भुक्तान गरिरहेका छन् । श्यामाका दाजु डोमीको मृत्यु भइसकेको छ । उनीहरूका बाबु बिकु भने फरार रहेको प्रहरीले जनाएको छ ।








पर्सा जिल्लामा असार ६ गतेसम्म निषेधाज्ञा जारी छ । यो अवधिमा इजाजत नलिएका सवारीसाधनहरू चलाउन निषेध गरिएको छ । तर वीरगंज महानगर अन्तर्गतको तिलावे पुलमा सवारी साधनको यो भीडयुक्त दृश्यले निषेधाज्ञालाई गिज्याइरहेको छ । तस्वीरः धर्मेन्द्र चौरसिया

# भन्सार छलीका सामान भन्सार चलान

प्रस, रौतहट, ४ असार/

जिल्ला प्रहरी कार्यालय, रौतहटले दुईवटा मोटरसाइकलसहित भन्सार छलीका करीब पौने २ लाख बराबरको मालसमान गौर भन्सार चलान गरेको छ ।

प्रहरी चौकी मटियामहुलियाको टोलीले बेवारिसे अवस्थामा फेला परेको हिरोहोन्डा कम्पनीको ग्लेमर मोटरसाइकल अस्थायी प्रहरी पोस्ट महादेवपट्टिले बरामद गरेको २७० थान सौफि मदिरा, स्नात नगरपालिका–४ लतमरिबाट प्रहरी चौकी मठियाले बरामद गरेको प्लास्टिक, खैनी, हरलिक्स, चिनी तिरपाल, कपडा बिस्कुट गरी करीब १ लाख १० हजार मूल्य बराबरको सामान गरेर १ लाख ६८ हजार सामानसहित दुईवटा मोटरसाइकल शुक्रवार गौर भन्सार कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ ।

# नेका, एमालेद्वारा खर्च विवरण माग

प्रस, बिरुवागुठी, ४ असार/

नेपाली काङ्ग्रेस र एमालेले पर्सागढी सोसम्बन्धी खर्च तथा प्रदेश सरकारबाट प्राप्त बजेटको खर्च विवरण माग गरेका




नगरपालिका–५ मा भएका विकास निर्माण कार्य र खर्च विवरणको माग गरेका छन् ।

वडास्तरीय दुवै पार्टीका एकाइ अध्यक्ष सैयम मियाँ र अनवर आलमले छुट्टाछुट्टै निवेदनबाट शुक्रवार वडास्तरीय योजना र खर्च माग गरेका हुन् । उनीहरूले आव २०७४–०७५ देखि हालसम्म नगर परिषद्बाट विनियोजित शीर्षक बजेट र हुन् ।

दुवै स्थानीय नेताले सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ३ बमोजिम विवरण माग गरेको र पर्सागढी नपाका सूचना अधिकारी ऋषिदास थारूले नियमपूर्वक माग गरिएको सूचना उपलब्ध गराउने बताए । उनले माग गरिएको सबै सूचनामध्ये नियमपूर्वक सूचना उपलब्ध गराउने बताए ।

# प्रहरीद्वारा राङाभैंसी नियन्त्रण




प्रस, वीरगंज, ४ असार/

सशस्त्र प्रहरीबल सुगौली बिर्ताको गस्ती टोलीले भारतबाट अवैधरूपमा भित्रिएका राङ्गा, भैंसी नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरी बल सुगौलीबिर्ताका प्रनि विष्णु अधिकारीले भारतबाट भित्रिएको पाँचवटा भैंसी, १२ वटा राङा नियन्त्रणमा लिएको बताए ।

# शुक्रवार दुईजना सङ्क्रमित थप

प्रस, वीरगंज, ४ असार/

नारायणी अस्पताल वीरगंजमा शुक्रवार साँझ दुईजना सङ्क्रमित पुष्टि र सर्लाहीका १–१ जना सङ्क्रमित पुष्टि भएको बताए ।

सङ्क्रमित दुवैजना पुरुष हुन् र



भएका छन् । अस्पतालका कोभिड संयोजक डा. उदयनारायण सिंहले ५५ जनाको स्वाब परीक्षण गरिएकोमा बारा उनीहरूको उमेर १६ र १९ वर्ष छ । उनीहरूको सिटी भ्यालु २८ देखि ३१ रहेको डा. सिंहले बताए ।

## सरकारी अस्पतालको...........

गर्नुपर्छ भन्ने कुरा वर्णन गरेर साध्य छैन ।

कार्यालय सहयोगी मिठू बानियाँका अनुसार बिरामी, कुरुवा र हामी एकै दिनमा परिवार जस्तै घुलमिल हुन्छौं । बिरामी र कुरुवाहरूले दिदी भनेर बोलाउँदा मन खुशी हुन्छ । एकापसमा आत्मीयता बढ्छ । कोरोनाको त्राससँगै सङ्क्रमितहरूको वरिपरि काम गर्नुपर्दछ ।

सफाइकर्मी चुन्नी देवी भन्छिन्, "ऐसे डर लागे कि कहीं साथे साथे कोरोना घर तक मत चल जाए ।" दिनभरि सफाइको काममा खटिने हुनाले सङ्क्रमण परिवारसम्म पुग्छ कि भन्ने चिन्ता थियो । सरसफाइको काममा खटेका सफाइकर्मीहरूलाई कसैले 'धन्यवाद' भनिदिंदा पनि मन गद्गद् हुँदो रहेछ ।

सफाइकर्मी दीपु राउत भन्छन्, "वर्षौंदेखि यस अस्पतालमा सरसफाइको काममा खटिरहेको छु । तर कोरोनाको यो महामारी जस्तो भयावह अवस्था कसैले र कहिल्यै देख्न नपरोस् ।" जथाभावी फोहर गर्ने मानिसहरूको बानीप्रति उनले खेद प्रकट गरे । बिरामी कक्ष, बरन्डा, भऱ्याङ र खुल्ला स्थानमा जहाँ पायो त्यहीं गुटखा, पान, बिस्कुट र पाउरोटीको खोल, खाना र प्लास्टिकजन्य सामग्री जथाभावी फाल्ने बानीमा सुधार ल्याउनुपर्ने उनको अनुरोध सबैले मनन गर्नुपर्दछ ।

## सच्याइएको

प्रतीक दैनिकको असार ४ गते अन्तिम पातामा प्रकाशित 'रकम बुझेर गाँजा तस्करलाई छाडेको प्रहरीमाथि आरोप' शीर्षक समाचारमा प्रहरीले ७ लाख बार्गेनिक गरेको र अढाई लाखमा दुईजना तस्करलाई छाडेको हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ । –सं.